नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरवार
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मितिः ..................

### व्यक्तिगत घटना दर्ता सप्ताह सन्देश

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले "व्यक्तिको कानूनी पहिचान र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीको लागि घटना घटेको पैंतीस दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गरौं गराऔं " भन्ने मूल सन्देशका साथ वि.सं. २०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम मुलुकभर सञ्चालन गरिरहेको छ। व्यक्तिगत घटना दर्ता व्यक्तिको कानुनी पहिचान र सार्वजनिक सेवा प्राप्त गर्ने मुख्य प्रमाणका रुपमा रहने भएकाले यस कार्यक्रमले समयमा नै व्यक्तिगत घटना दर्ता गर्ने कार्यमा उत्प्रेरित गर्ने विश्वास लिएको छु।

नेपालको संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हकलाई सुनिश्चित गरेको छ। हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७ अनुसार मुलुकभरका ६७४३ वडा कार्यालयहरुबाट जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराईका घटना र विदेशस्थित १५ वटा नेपाली कूटनीतिक नियोगहरुबाट जन्म र मृत्युका घटना दर्ता भईरहेको छ। यस विभागले व्यक्तिगत घटना दर्ता प्रक्रियालाई आधुनिकीकरण गरी सो सम्बन्धी तथ्याङ्कलाई समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाउन अनलाइन प्रणाली लागु गरेको छ। हाल मुलुकभरका ६७४३ वडा कार्यालयहरुमध्ये ६७३६ वडा कार्यालयहरुबाट अनलाइन व्यक्तिगत घटना दर्ता कार्यान्वयन भईरहेको अवस्था छ।

सोहौं योजना (२०८१/८२-२०८५/८६) को सुशासनका राष्ट्रिय लक्ष्यमा पाँच वर्ष मुनिका बालबालिकाको जन्मदर्ता ७४ प्रतिशतबाट १०० प्रतिशत पुर्‍याउने उल्लेख गरिएको छ। ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गर्दा नागरिकलाई विलम्ब शुल्कको व्ययभार नपर्ने र राज्यलाई समेत उचित समयमा तथ्याङ्क प्राप्त हुने भएकाले तथ्यमा आधारित नीति तथा योजना निर्माणमा टेवा पुग्ने हुँदा यसमा सबैले सहयोग गर्ने अपेक्षा गरेको छु।

व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रममा सबै नागरिक सहभागी भई आफ्नो व्यक्तिगत घटना दर्ता गर्नु गराउनुहुन र सबै स्थानीय तह, वडा कार्यालय तथा स्थानीय पञ्जिकाधिकारीहरुलाई घटना दर्ता गर्ने कार्यलाई सहज र पहुँचयोग्य बनाई सेवा प्रवाह गर्न हार्दिक अनुरोध गर्दै नयाँ वर्ष २०८३ को अवसरमा हार्दिक मंगलमय शुभकामना समेत व्यक्त गर्दछु।

धन्यवाद्!

२०८३/०१/०१

(नमराज घिमिरे)
महानिर्देशक

मितिः २०८३ वैशाख १ गते

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np